# प्रचलित, परम्परागत लोकमा चलेको प्रेम



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *२ पत्रुस ३:९; व्यवस्था ७:६-९; रोमी ११:२२; १ यूहन्ना ४:७-२०; यूहन्ना १५:१२; १ यूहन्ना ३:१६।*

**याद गर्नुपर्ने पद: "येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "जसले मलाई प्रेम गर्छ, त्यसले मेरो वचन पालन गर्नेछ, र मेरा पिताले त्यसलाई प्रेम गर्नुहुनेछ, र हामी त्यसकहाँ आउनेछौं, र त्यससँग वास गर्नेछौं।"** *(यूहन्ना १४:२३)*।

"प्रेम" भन्ने शब्दको अर्थ विशाल छ। येशूले सम्बोधन गर्नुभएको प्रेम ग्रीक भाषामा *आगापे agape* हो। यो प्रेम परमेश्‍वरमा भएको, परमेश्‍वरसँग बुनिएर बस्ने र परमेश्‍वरलाई प्रेम गर्ने विशेष प्रेम हो जुन मानवीय प्रेमभन्दा अपार छ। मानवीय प्रेमलाई ग्रीक भाषामा *फिलियो phileo* भनिन्छ। यो आगापेभन्दा अत्यन्तै फरक छ र कमसल छ। आगापे प्रेम एकतर्फी प्रेम भनेर कतिले व्याख्या गरेका छन्। यो प्रेमचाहिँ दिने मात्र प्रेम हो तर त्यसबाट फिर्ता पाउने प्रेम होइन। यो प्रेम मानवीय प्रेमभन्दा अत्यन्तै स्वतन्त्र हुन्छ। मानवीय प्रेम स्वार्थी हुन्छ। "मैले उसलाई कति गरें तर उसले मलाई बिर्स्यो र त्यो प्रेम, स्याहार, मद्दतको एक अंश पनि मलाई फर्काएन वा वास्ता गरेन," भन्ने आदि मनस्थितिले पेल्ने प्रेम आगापे होइन। त्यस खालको प्रेम फिलियोको चलखेलमा हुन्छ।

तर, बाइबलभरि देखाएको वास्तविक परमेश्‍वरको प्रेम केवल एकतर्फी मात्र हुनुपर्छ भन्नेछैन। कतिले भन्छन्, मैले जे गरे पनि परमेश्‍वरले माया गरिहाल्नुहुन्छ। यो सोचाइ गलत हो। पहिलो त, ग्रीक भाषाको *आगापे* प्रेम केवल परमेश्‍वरमा मात्र हुनुपर्ने प्रेम होइन

तर मानिसमा पनि हुनुपर्ने प्रेम हो, र कतिपय समयमा त्यही प्रेम भएको मानिस गलत बाटोमा पछारिन सक्छ। पावलले इसाई नै हुँ भनेर दावी गर्ने उनका मित्रहरूको बारेमा *२ तिमोथी ४:१०* मा यही सन्दर्भमा गुनासो व्यक्त गर्दछन्। दोस्रोमा, परमेश्वरको प्रेमलाई व्यक्त गर्ने धारणामा आगापेभन्दा अरू धेरै शब्दहरू पनि बाइबलभरि प्रयोग गरिएका छन्। उदाहरणमा, येशूले यो सिकाउनुभएको थियो, "पिता आफैले तिमीहरूलाई प्रेम *[फिलियो]* गर्नुहुन्छ किनभने तिमीहरूले मलाई प्रेम *[फिलियो]* गरेको छौ।" *(यूहन्ना १६:२७)*। यहाँ ग्रीक भाषाको *फिलियो* केवल मानवीय प्रेमलाई मात्र सम्बोधन गरिएको छैन तर परमेश्वरले मानव प्राणीलाई प्रेम गर्नुहुन्छ भनेर बुझाउन खोजिएको छ। त्यसकारण, प्रचलित वा लोकमा बुझेको फिलियो प्रेममा कमसल प्रेम हुनुपर्छ भन्नेछैन। तर त्यसमा परमेश्वरको प्रेम पनि घुसार्न सकिन्छ।

बाइबलभरि देखाएको परमेश्वरको प्रेमको कहानी केवल एकतर्फी मात्र भएको सिकाइएको छैन। त्यो प्रेममा परमेश्वरसँग गहिरो सम्बन्ध राख्ने अपेक्षा गरिएको पाउँछौं। उहाँको प्रेमलाई मानव प्राणीले उहाँप्रति र अरूहरूलाई प्रतिबिम्बित गरेको छ कि छैन, त्यसले मानव प्राणीमा गम्भीर र गहन भिन्नताले अड्डा जमाएको हुन्छ।

# अतुलनीय, निरन्तर र अनन्तको प्रेम

यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने धारणा बाइबलमा स्पष्ट रूपमा देखाइएको छ। बाइबलको प्रख्यात यूहन्ना ३:१६ले त्यस धारणालाई सतिक तरिकाले पुष्टि गर्दछ, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्।"

पढ्नुहोस्: **भजनसंग्रह ३३:५ र भजनसंग्रह १४५:८-९ पढ्नुहोस्। यी पदहरूले परमेश्वरको प्रेम, करुणा र दया कतिको अपार छ भनेर कसरी बताउँदछन्?**

---

---

ममा कसैले प्रेम गर्नु गुण केही छैन, म तुच्छ छु वा परमेश्वरले अरूलाई माया गर्नुहुन्छ तर मलाई होइन किनकि म उहाँको प्रेमको योग्य छैन भन्ने कुरा कतिपय मानिसहरूले सोच्छन्। तर यस संसारमा जन्मिने *प्रत्येक मानव प्राणीलाई* परमेश्वरको प्रेमले छोपेको हुन्छ भनेर बाइबलले बारम्बार घोषणा गर्दछ। उहाँले कसैलाई प्रेम गर्नुनपर्ने केही कारण छैन। परमेश्वरले सबैलाई प्रेम गर्ने भएकोले सबै जनाले मुक्ति पाऊन् वा सृष्टि अघिको उहाँको लक्ष्य होस् जुन सबै मानिस उहाँको स्वरूपमा होऊन् भन्ने उहाँले चाहना गर्नुहुन्छ।

पढ्नुहोस्: **यस संसारमा जन्मिने प्रत्येक मानव प्राणी नाश नहून् तर तिनीहरूले मुक्ति पाऊन् भन्ने परमेश्वरको चाहना हो भनेर देहायका पदहरूले कसरी खुलासा गरिएको छ? २ पत्रुस ३:९, १ तिमोथी २:४-७ र इजकिएल ३३:१०-११ पढ्नुहोस्।**

---

---

परमेश्वरले व्यक्त गर्नुभएका माथिका आशयहरूलाई यूहन्ना ३:१६ पछि येशूले यसरी पुष्टि गर्नुहुन्छ, "परमेश्वरले आफ्नो पुत्रलाई यस संसारलाई दोष दिन पठाउनुभएको

होइन तर उहाँद्वारा संसारले मुक्ति पाऊन् भन्ने हिसाबले पठाउनुभएको हो।" *(यूहन्ना ३:१७)*। परमेश्वरको चाहना हो कि प्रत्येक मानव प्राणीले उहाँको प्रेमलाई अङ्गिकार गरून् र मुक्ति पाऊन्। तर उहाँको त्यो चाहना उहाँमा मात्र निहित भएको छैन। परमेश्वरले कसैको इच्छाविना जबरजस्ती मुक्ति लाड्नुहुन्न। उहाँको मुक्ति वा प्रेमलाई स्वीकार गर्ने वा अस्वीकार गर्ने आत्मनिर्णयको स्वतन्त्रता मानिसमा नै निहित भएको छ।

यो स्पष्ट छ कि कतिपयले उहाँको प्रेम र मुक्तिलाई तिरस्कार गरे तापनि तिनीहरूलाई प्रेम गर्न उहाँ कहिल्यै पनि रोक्नुहुन्न। उहाँको अगमवक्ता यर्मियाबाट परमेश्वरले यो भावुक भावना व्यक्त गर्नुहुन्छ, "परमप्रभु विगत समयमा हामीकहाँ यसो भन्दै देखा पर्नुभयो: 'सधैँभरि रहने प्रेमले मैले तिमीहरूलाई प्रेम गरेको छु। मैले तिमीहरूलाई दया गरी खिँचेको छु।'" *(यर्मिया ३१:३)*। परमेश्वरको प्रेम सदाभरि रहिरहन्छ भन्ने कुरा बाइबलले अरू ठाउँहरूमा बारम्बार सिकाउँदछ *(उदाहरणको लागि भजनसंग्रह १३:५, ६ र भजनसंग्रह १३६ अध्याय पढ्नुहोस्)*। परमेश्वरको प्रेम कहिले पनि खालि हुँदैन र यो अनन्त कालसम्म जारिरहन्छ। यो ज्ञान हामीले बुझ्न कठिनै छ किनभने कतिपयलाई हामीले प्रेम वा माया नगर्न सजिलै भएको पाउँछौं, होइन त?

तर कसैले परमेश्वरको प्रेमको वास्तविकतालाई व्यक्तिगत रूपमै अनुभव गर्न सकेको भए हाम्रो संसार कस्तो हुने होला वा हामीले अरूलाई गर्ने व्यवहार कस्तो होला?

**यदि परमेश्वरले प्रत्येक मानिसलाई प्रेम गर्नुहुन्छ भने उहाँले सबैले घृणा गरेका, दयनीय र तिरस्कृत पार्ने चरित्र भएकाहरूलाई पनि प्रेम गर्नुहुन्छ। यस्ता मानिसहरू हाम्रो समाजमा छ्यापछ्याप्ति पाउँछौं। यदि हामीमा परमेश्वरको प्रेम सजिएको छ भने अरूलाई गर्ने हाम्रो व्यवहारमा कस्तो परिवर्तन आउँथ्यो होला? त्यो परिवर्तनको निम्ति के हामीले प्रयास गर्नुपर्दैन र?**

# लोकमा चलेको, औपचारिक, परम्परागत र मानवीय प्रेम

परमेश्‍वर र हाम्रो बीचको सम्बन्धलाई बुझाउन वा व्याख्या गर्न बाइबलमा धेरै उपमा वा प्रतिकहरू प्रयोग गरिएका छन्। परिवार वा आफन्तहरूको बीचमा हुने सम्बन्ध, श्रीमान् र श्रीमतीको बीचमा हुने वा हुनुपर्ने सम्बन्ध र असल वा आदर्श आमा र उनको बालकको बीचमा हुनुपर्ने सम्बन्ध कस्तो हुन्छ त्यही खालको सम्बन्ध परमेश्‍वर र हाम्रो बीचमा पनि हुनुपर्छ भनेर बाइबलले जिकिर गर्दछ। वास्तविक रूपमा ती उपमा वा प्रतिकहरू परमेश्‍वर र उहाँको विशेष जाति वा इस्राएलीहरूसँग (वा बप्तिस्मामा शपथ खाएका एड्भेन्टिस्टहरूसँग) बाँध्नुभएको करारको विशेष सम्बन्ध कायम गर्न बुझाउन खोजिएको छ। यस लोकप्रिय प्रेमिलो सम्बन्धमा परमेश्‍वर र उहाँका जनहरूको बीचमा हुने वा हुनुपर्ने सम्बन्धमा मात्र निहीत हुने होइन तर मानिसहरूले उहाँको प्रेमलाई स्वीकारेर उहाँले र उहाँकै प्रेमलाई हृदयमा सजाएर एक आपसमा सम्बन्ध राखून् भनेर अपेक्षा गरिएको छ।

पढ्नुहोस्: **व्यवस्था ७:६-९ पढ्नुहोस्। परमेश्‍वर प्रेमिलो र दयालु हुनुहुन्छ भन्ने कुरा र परमेश्‍वरले करार वा सम्झौताहरू स्थापना गर्नुहुने कुराको बीचमा कस्तो सम्बन्ध भएको सिकाइएको छ?**

व्यवस्था ७:९ले परमेश्‍वरले करार बाँध्नुभएका जनहरूसँग भएको विशेष सम्बन्धलाई बताउँछ। तर त्यो सम्बन्ध परमेश्‍वरले मात्र खनाउनुहुने सम्बन्ध मात्र होइन तर त्यसलाई स्वीकारेर उहाँका जनहरू उहाँमा विश्‍वास गरेर उहाँको मार्गमा बफादारी भएर हिँड्ने प्रतिवद्धता जनाउनेमा पनि भर पर्दछ। परमेश्‍वरको प्रेम विनाशर्त त हो, तर त्यसलाई उपभोग गर्न उहाँका जनहरू उहाँसँग निरन्तर सम्बन्ध राखेर चल्न अपेक्षाचाहिँ गरिएको छ।

व्यवस्था ७:९मा उल्लेख गरिएको "प्रेम" वा "दया' भन्ने शब्द हिब्रू भाषामा हेस्ड *hesed* हो। यसले परमेश्‍वरको औपचारिक प्रेम मात्र होइन तर त्योभन्दा बेसी प्रेमलाई बुझाउँछ। यो हेस्ड भन्ने शब्द परमेश्‍वरको महान् दया, भलाइ, स्नेह र प्रेमलाई व्याख्या

गर्न प्रयोग गर्दछ। यो हेस्ड शब्दले उहाँको मायालुपन र दयालुपन मात्र नभएर उहाँको अटल प्रेमलाई देखाउँछ। तर त्यो प्रेमको फाइदा उठाउन वा उपभोग गर्न उहाँसँग पारस्परिक सम्बन्ध त कायम गरिराख्नैपर्दछ। उहाँको प्रेमको उपभोग गर्ने समूहले पनि त्यही प्रेम फर्काएर चलेको देखाउनुपर्दछ।

परमेश्वरको दया-माया अत्यन्तै भरपर्दो छ। यो निरन्तर र अटल छ। तैपनि उहाँको हेस्ड प्रेमका फाइदाहरू उपभोग गर्ने व्यक्तिले केही शर्तहरू मान्नैपर्छ। उहाँका जनहरूले उहाँका आज्ञा र नीतिहरू पालन गर्नैपर्छ र जीवनको अन्तसम्मै उहाँसँग सम्बन्ध कायमै राख्नुपर्दछ *(हेर्नुहोस्, २ शमूएल २२:२६; १ राजा ८:२२-२३; भजनसंग्रह २५:१०; भजनसंग्रह ३२:१०; २ इतिहास ६:१४)*।

परमेश्वरको स्थिर, अटुट र निरन्तर प्रेम नै सबै प्रेममय सम्बन्धको आधार हुन्। त्यो प्रेम अतुलनीय छ। उहाँले जस्तो यस पृथ्वी वा जगतमा कसैले प्रेम गर्न सक्दैन। हामी बाँचिरहन र अस्तित्वको निम्ति परमेश्वरले सित्तैँमा मात्र प्रेम गर्नुभएन, उहाँले उहाँको एक मात्र पुत्रलाई हाम्रो निम्ति खुला दिलले सित्तैँमा दिनुभयो। यस मामिलामा येशूले आफ्नो प्रतिवद्धता यसरी व्यक्त गर्नुहुन्छ, "मेरो आज्ञा यही हो, कि मैले तिमीहरूलाई जसरी प्रेम गरें, तिमीहरूले एक-अर्कालाई त्यसरी नै प्रेम गर। आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन। म तिमीहरूलाई जे आज्ञा गर्दछु, ती तिमीहरूले गर्‍यौ भने, तिमीहरू मेरा मित्र हौ।" *(यूहन्ना १५:१२-१४)*। परमेश्वरले आफ्नो महान् प्रेम प्रभु येशूद्वारा प्रकट गर्नुभएकोमा हामीले कुनै प्रश्न गर्ने ठाउँ नै छैन। पावलले यसरी व्यक्त गर्दछन्, "परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन [अर्थात् उहाँले आफ्नो भाउ खोज्नुभएन र तँछाडमछाड गर्नुभएन। आफू भगवान हुँ भनेर फुर्ती लगाउनुभएन] तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूपमा मानिसजस्तै भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रूसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो।" फलिप्पी २:६-८।

**तपाईंको सोचविचारमा परमेश्वरको प्रेमको वास्तविकतालाई कसरी कायम गरिराख्न सक्नुहुन्छ? यो गर्न किन महत्त्वपूर्ण छ?**

# प्रतिबन्धात्मक सशर्त सम्बन्ध

यस संसारमा जन्मिने प्रत्येक मानव प्राणीले परमेश्वरसँग बाक्लो, अति घनिष्ठ सम्बन्ध राखून् भनेर उहाँले आह्वान गर्नुहुन्छ *(मत्ती २२:१-१४)*। त्यो आह्वानलाई उचित तवरले मान्नुको अर्थ त्यसलाई स्वीकार्ने व्यक्तिले परमेश्वर र अरूलाई प्रेम गर्ने आदेश पालन त गर्नैपर्छ *(मत्ती २२:३७-३९ हेर्नुहोस्)*। उहाँको प्रेमलाई स्वीकारेर त्यसका फाइदाहरू लिने कुराचाहिँ उहाँको प्रेम खुला रूपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने त्यसमा भर पर्छ।

पढ्नुहोस्: **परमेश्वरका प्रेमका फाइदाहरूलाई मानिसहरूले अस्वीकार गर्न सक्छन् वा गुमाउन पनि सक्छन् भनेर देहायका पदहरूमा कसरी खुलासा गरिएको छ? होशे ९:१५; यर्मिया १६:५; रोमी ११:२२ र यहूदा २१ पढ्नुहोस्।**

माथिका पदहरू र अरू पदहरूले पनि परमेश्वरको प्रेमको फाइदा लिनेहरूले उहाँको प्रेमलाई स्वीकारेर उहाँसँग सम्बन्ध राख्न शर्त समावेश भएको बारम्बार दोहोऱ्याइएको छ। तर यदि कोही शर्तमा चलेन भने परमेश्वरको प्रेम रोकिने रहेछ भन्ने मनस्थितिमा हामी कहिले पनि पर्नुहुन्न। परमेश्वरको प्रेम अटुट वा अनन्तको छ भनेर हामीले हेऱ्यौं। होशेको पुस्तकमा "म तिनीहरूलाई अब प्रेम गर्दिन," *(होशे ९:१५)* भनेर उल्लेख गरिए तापनि त्यही परमेश्वरले उहाँका जनहरूलाई भन्नुभएको छ, "तिनीहरू मबाट तर्किगएकामा म तिनीहरूलाई क्षमा गर्नेछु। म तिनीहरूलाई सित्तैँमा प्रेम देखाउनेछु, किनकि मेरो रीस तिनीहरूदेखि फर्केको छ।" *(होशे १४:४)*। होशे ९:१५को अर्थ यो नै भन्न सकिन्दैन कि परमेश्वरले उहाँका जनहरूलाई माया गर्न छोड्नुभयो। तर उहाँका जनहरूले कुन शर्त तोडेर परमेश्वरसँग सम्बन्ध बिग्रेको थियो सो होशेको पुस्तकमा सम्बोधन गरिएको छ। उहाँको प्रेमलाई हामी कसरी स्वीकार्छौं, त्यसले उहाँसँगको सम्बन्धलाई निरन्तरता दिने कि नदिने भन्ने निर्णायक भाग खेलेको हुन्छ।

यथार्थ केही शर्तहरू के हो त भन्दा येशूको वचनले हामीलाई यसरी बताउँछ, "मलाई प्रेम गर्ने त्यही हो जससँग मेरा आज्ञा छन् र ती पालन गर्दछ। अनि मलाई प्रेम गर्नेलाई मेरा पिताले प्रेम गर्नुहुन्छ। म त्यसलाई प्रेम गर्नेछु, र म आफैलाई त्यसकहाँ

प्रकट गर्नेछु।" *(यूहन्ना १४:२१)*। त्यसरी येशूले यो घोषणा गर्नुहुन्छ, "पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्वरको तर्फबाट आएँ भनी विश्वास गरेका छौ।" *(यूहन्ना १६:२७)*।

माथिका र अरू पदहरूले परमेश्वरसँग हामीलाई मुक्ति दिने सम्बन्धका फाइदाहरू कायम राख्नुपर्छ भनेर सिकाउँछन्। तर उहाँको प्रेमलाई हामी स्वीकार्ने कि नस्वीकार्ने भन्ने शर्तमा उहाँसँगको सम्बन्ध भर पर्दछ (हामी उहाँको प्रेमको साधन हुने चाहना पनि हुनुपर्दछ)। त्यसको अर्थ यो होइन कि परमेश्वरको प्रेम रोक्दछ। सूर्यको किरण हामीतिर नचम्किन हामी केही गर्न सक्दैनौं, त्यसरी नै उहाँको अटुट वा अनन्तको प्रेमलाई हामी रोक्न सक्दैनौं। तर त्यो प्रेमलाई हामी तिरस्कार गरेर उहाँसँगको सम्बन्ध भत्काउन सक्दछौं। त्यसको अर्थ उहाँले उपलब्ध गराउनुभएको अनन्त जीवनबाट वञ्चित हुने वा नहुने अभिभारा हाम्रै रोजाइमा भर पर्दछ।

**परमेश्वरको प्रेमको वास्तविकतालाई मानिसहरूले कसरी देख्न र अनुभव गर्न सक्छन्, चाहे तिनीहरूले त्यो प्रेम उहाँलाई फर्काउँछन् कि फर्काउँदैनन्? पापको प्रवेश पछि पनि प्राकृतिक सम्पदामा परमेश्वरको प्रेम कसरी प्रकट गरिरहेको छ?**

# अस्वीकार गरिएको र गुमाइएको दया वा परमेश्वरको अनुकम्पा

परमेश्वरको प्रेम अनन्त र अटल छ। त्यसलाई पाउन हामीले केही धर्मकर्म, दानदक्षिना, त्याग, तपस्या आदि काहरू गर्नु आवश्यक छैन [जसरी हाम्रो कुनै पनि कामले सूर्यलाई झुल्काउन सक्दैनौं]। त्यो प्रेम ग्रहण वा स्वीकार गर्ने कि अस्वीकार गर्ने अवसर हामी प्रत्येक मानव प्राणीलाई सुम्पिएको छ। *हामीले केही गर्नुभन्दा पनि पहिले* परमेश्वरको अनन्तको र सिद्ध प्रेम सित्तैँमा स्वतः उपलब्ध गराइएको छ *(यर्मिया ३१:३ हेर्नुहोस्)*। हामीले माग्नुभन्दा पहिले नै परमेश्वरले गर्नुभएकै प्रेमको कारणले त्यसको प्रत्युत्तर हामीले दिने वा नदिने सो अधिकार हामीलाई नै निहित गरिएको छ। के उहाँले उपलब्ध गराउनुभएको प्रेमलाई हामी उपभोग गर्न चाहन्छौं त? उहाँले गर्नुभएको प्रेमलाई हामीले फर्काउने कि नफर्काउने?

पढ्नुहोस्: **१ यूहन्ना ४:७-२० पढ्नुहोस् र विशेष गरी ७ र १९ पदहरूमा ध्यान दिनुहोस्। यी पदहरूले परमेश्वरको प्रेमको प्राथमिकता के हो भनेर कसरी बताएका छन्।**

परमेश्वरले जहिले पनि पहिला प्रेम गर्नुहुन्छ [जसरी बच्चाले प्रेम गर्न जान्नुभन्दा अगाडि आमाले प्रेम गरेको हुन्छ]। यदि उहाँले हामीलाई पहिला प्रेम गर्नुभएन भने उहाँलाई प्रेम फर्काउन पनि जानेका हुँदैनौं। जब प्रेम गर्ने क्षमतासाथ र प्रेमिलो बन्ने खुबीले सम्पन्न गराउनुभएर परमेश्वरले हामीलाई सृष्टि गर्नुभयो तब प्रेमको जग उहाँले नै बसाल्नुभएको थियो र उहाँ नै हामीमा हुने प्रेमको स्रोत हुनुभएको थियो। यद्यपि, त्यो प्रेमको उपभोग गरेर हाम्रो जीवन सार्थक बनाउने हो कि नबनाउने, त्यो हाम्रै आत्मनिर्णय हो। क्षमा नगर्ने नोकर वा कर्मचारीको बारेमा येशूले दिनुभएको अर्तिकथामा यो सत्य स्पष्ट पारिएको छ *(हेर्नुहोस्, मत्ती १८:२३-३५)*।

उपर्युक्त अर्तिकथामा हामीले यो देख्छौं कि नोकर वा कर्मचारीको ठूलो ऋण उसको मालिकलाई कहिले पनि तिर्न सक्दैन। यस कथाको अनुसार नोकरले उसको मालिकलाई १०,००० टालेन्ट वा सिक्का तिर्नुपर्थ्यो। एक टालेन्ट वा सिक्का छ हजार डिनारी हो। एक डिनारी भनेको मजदुरको एक दिनको ज्याला हो *(मत्ती २०:२सँग तुलना गर्नुहोस्)*।

त्यसको अर्थ सरदर मजदुरले एक टालेन्ट वा सिक्का कमाउन ६,००० दिन काम गर्नुपर्थ्यो। बिदा कटाएर काम गऱ्यो भने एक मजदुरले वर्षको ३०० दिन काम गर्नुपर्थ्यो। उसले ३०० डिनारी वर्षमा कमाउँथ्यो। त्यसको अर्थ एक जना सरदर मजदुरले एक टालेन्ट पैसा फिर्ता दिन कमसेकम २० वर्ष लाग्थ्यो। ६००० डिनारी [एक टालेन्ट] मात्र कमाउन उसले वर्षको ३०० दिन काम गऱ्यो भने २० वर्ष लाग्थ्यो। १०,००० टालेन्ट कमाउन सरदर मजदुरलाई २००,००० (दुई लाख) वर्ष लाग्थ्यो। छोटकरीमा भन्ने हो भने त्यस नोकरले आफ्नो ऋण *कुनै हालतमा* पनि तिर्न सक्दैनथ्यो। तर उसको मालिकले उसलाई दया देखाएर उसको ऋण सबै माफी गरिदिए। त्यसको अर्थ त्यो अथाह ऋण उसले सित्तैँमा पाएको थियो।

तर, त्यस क्षमा पाएको नोकरले १०० डिनारीभन्दा अत्यन्तै थोरै पैसा आफ्नो सङ्गी नोकरबाट जबरजस्ती असुल्न खोज्दा उसले असुल्न नसकेकोले उसले त्यस साथीलाई झ्यालखानामा थुनिदियो। त्यो थाहा पाएर मालिकको रिस दन्क्यो र आफूले दिएको क्षमा फिर्ता लिए। त्यसको अर्थ ऋण क्षमा पाउने नोकरले आफ्नो मालिकबाट पाएको प्रेम र क्षमालाई गुमायो। परमेश्‍वरको प्रेम कहिल्यै नसुक्ने भए तापनि, यदि कसैले अस्वीकार गरेमा, उहाँले दिनुभएको दया, करुणा र फाइदाहरू उसले गुमाउन सक्छ।

**तपाईंलाई कुन मोलमा येशूले क्षमा दिनुभयो सो सोच्नुहोस्। अरूलाई क्षमा दिनुपर्ने मनस्थिति तपाईंमा पनि हुनुपर्छ भनेर त्यसले कसरी सिकाउँछ?**

# तिमीले सित्तैँमा पाएको सित्तैँमा देऊ

जसरी नोकरले आफ्नो मालिकलाई उसको ऋण कहिले पनि तिर्न सक्दैनथ्यो, त्यसरी नै हामीले परमेश्वरलाई हाम्रा पापहरूको ऋण कहिल्यै तिर्न सक्दैनौं। परमेश्वरको प्रेम कमाउन हामीले कुनै पनि काम वा धर्मकर्म गर्न सक्दैनौं। उहाँको प्रेम पाउन हामीमा खुबी छैन, हामी योग्य पनि छैनौं। पावलले यसरी व्यक्त गर्दछन्, "हामी दुर्बल हुँदा नै ख्रीष्ट अधर्मीहरूका निम्ति ठीक समयमा मर्नुभयो। धार्मिक मानिसको निम्ति मर्न तयार हुने कोही बिरलै पाइएला, कतै असल मानिसको निम्ति कसैले मर्ने आँट गरी पनि हाल्ला। तर परमेश्वरले हाम्रा निम्ति उहाँको प्रेम यसैमा देखाउनुहुन्छ, कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो।" *(रोमी ५:६-८)*। परमेश्वरको प्रेम कस्तो अचम्मको र चकित पार्ने प्रेम हो! १ यूहन्ना ३:१मा उल्लेख गरिएको छ, "हेर, पिताले हामीलाई कस्तो किसिमले प्रेम गर्नुभएको छ, कि हामी परमेश्वरका सन्तान भनी कहलिएकाहरू हौं, र साँच्चै हौं पनि। यसैकारणले त संसारले हामीलाई चिन्दैन, किनभने त्यसले उहाँलाई चिनेन।"

यद्यपि, हामीले परमेश्वरको प्रेमलाई सकेसम्म प्रतिबिम्बित गर्नुपर्छ र उहाँको प्रेमप्रति आभारित त हुनैपर्छ। यदि हामीले उहाँको महान् करुणा र क्षमा पायौं भने हामीले पनि अरूमाथि हाम्रो करुणा र दया देखाउनुपर्छ साथै क्षमा दिन सक्नुपर्दछ। नोकरको अर्तिकथालाई याद गर्नुहोस्। उसले आफ्नो साथीलाई दया नदेखाएको र क्षमा नदिएको कारणले उसले पाएको मालिकको दया र क्षमा उसले गुमाएको थियो। यदि हामीले परमेश्वरलाई साँच्चिकै प्रेम गर्छौं भने, उहाँको प्रेम अरूहरूलाई प्रतिबिम्बित गर्न हामी असफल हुन सक्दैनौं।

पढ्नुहोस्: **यूहन्ना १५:१२; १ यूहन्ना ३:१६; र १ यूहन्ना ४:७-२१ पढ्नुहोस्। परमेश्वरको प्रेम, उहाँप्रति हाम्रो प्रेम र अरूहरूप्रति हाम्रो प्रेम सम्बन्धको बारेमा यी पदहरूले हामीलाई के सिकाउँछ?**

---

---

येशूले उहाँका चेलाहरूलाई के आदेश दिनुभयो त? "मैले आज्ञा गरेको अनुसार चल्यौ भने तिमीहरू मेरा मित्र हुनेछौ।" *(यूहन्ना १५:१४)*। तिनीहरूलाई येशूले के आदेश दिनुभयो त? अरू आज्ञाहरूको बीचमा विशेष गरेर उहाँले तिनीहरूलाई र हामीलाई

पनि आदेश दिनुहुन्छ कि जसरी उहाँले प्रेम गर्नुभयो त्यसरी नै एक आपसमा प्रेम गर। परमेश्वरलाई र एक आपसमा प्रेम गर भन्ने आदेश प्रभुले हामीलाई दिनुभएको छ।

संक्षेप्तमा भन्ने हो भने हामी असिमित ऋणबाट क्षमा पायौं भनेर हामीले महसुस गर्नुपर्छ। कुनै हालतमा पनि वा कुनै धर्म, कर्म, त्याग, तपस्या, दान, परम्परा र संस्कार पालन गरेर परमेश्वरको राज्यमा पस्न सक्दैनौं। हाम्रो पापको मोल येशूले हाम्रो निम्ति क्रूसमा तिरिदिनुभएको थियो। त्यसकारण, हामीले परमेश्वरलाई प्रेम गर्नुपर्छ र उहाँको प्रशंसा गर्नुपर्छ। अरूलाई अनुग्रह र प्रेम देखाउन लक्ष्य बोकेर हामी जिउनुपर्दछ। भनिएको छ, "थोरै क्षमा पाउनेले थोरै माया गर्छ।" परमेश्वरले हामीलाई कति क्षमा दिनुभयो भनेर महसुस गर्न हामीहरूमध्ये को नहोला?

परमेश्वरलाई हामीले प्रेम गर्नुभएकै कारणले हामीले अरूहरूलाई पनि प्रेम गर्नुपर्छ। हामी जोशिलो र हतार गरेर परमेश्वरको प्रेमको सन्देश अरूहरूलाई हाम्रो काम र वचनबाट दिनुपर्दछ। मानिसहरूको दैनिक जीवनलाई सहज बनाउन हामी सहयोग गर्नुपर्छ, र हामी परमेश्वरको प्रेमको माध्यम हुनुपर्दछ। यो संसार पाप र मृत्युको ज्यादतीमा डुबिरहेको छ। परमेश्वरले उपलब्ध गराउनुभएको अनन्त जीवन, नयाँ स्वर्ग र नयाँ पृथ्वीलाई स्वीकार गर्न हामीले मानिसहरूलाई हौशला दिनुपर्दछ। पापले क्षतबिक्षत भएको यस पृथ्वीको संरचना पूरै नयाँ हुनेछ भन्ने आश्वासन मानिसहरूकहाँ पुर्‍याउनुपर्दछ। उहाँको त्यो प्रेम र उज्ज्वल भविष्यको प्रतिज्ञालाई तिरस्कार गर्दा मानिसहरूको जीवन कतिको अनर्थ, लक्षहिन र विनाश हुन्छ भनेर पनि सजग गराउनुपर्दछ।

**अरूहरूलाई प्रेम गरेर परमेश्वरलाई प्रेम देखाएको छु भनेर तपाईंले कुन कदमहरू चाल्न सक्नुहुन्छ? आज र आउने दिनहरूमा परमेश्वरको प्रेम देखाउन र उहाँको अनन्त जीवनमा सहभागी हुन तपाईंलाई अरूहरूलाई कसरी आह्वान गर्न सक्नुहुन्छ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटद्वारा लिखित *स्टेप्स टु क्राइस्टको* पृ. ९३-१०४को “द प्रिभिलेज अभ प्रेयर” भन्ने अध्याय पढ्नुहोस्।

“तपाईंका चाहनाहरू, आनन्दहरू, सन्ताप वा पिरहरू, चिन्ताहरू र डरहरू परमेश्वरको सामु राख्नुहोस्। तपाईंले उहाँलाई कहिल्यै पनि बोझमा पार्न सक्नुहुन्न। तपाईंले उहाँलाई थकित बनाउन सक्नुहुन्न। तपाईंको शिरको प्रत्येक कपाल गन्नुहुनेले उहाँका छोराछोरीहरूका चाहनाहरूप्रति उहाँले आँखा चिम्लिनुहुन्न। ‘प्रभु कस्तो करुणामय र कृपालु हुनुहुन्छ।’ याकूब ५:११। हाम्रा दुःख कष्ट र पीडाले र हाम्रो सुस्केरा समेतले उहाँको प्रेमिलो हृदयमा छोइरहेको हुन्छ। तपाईंको दिमागमा अड्डा जमाइरहेको जुनसुकै अन्यौलता, अलमल र हैरानलाई उहाँकहाँ लानुहोस्। उहाँले बोक्न नसक्ने कुनै पनि भारी छैन। सारा जगत वा संसारहरूलाई उहाँले थामिराख्नुभएको छ। जगत ब्रह्माण्डका सबै कारोबारहरूमाथि उहाँले प्रभुत्व जमाउनुभएको छ। हामीलाई अशान्ति ल्याउने कुनै पनि सानातिना कुराहरूलाई उहाँले थाहा पाउनुहुन्छ। कुनै पनि कुरो यस्तो जतिल छैन जुन उहाँले फुत्काउन सक्नुहुन्न। उहाँका छोराछोरीहरूलाई आउने कुनै पनि विपत्ति उहाँको नजरबाट लुकेको हुँदैन। मनमा पिरोलिरहेको प्रत्येक चिन्ता, हर्ष र बिस्मात, हृदयको चित्कार र प्रार्थनाप्रति हाम्रो स्वर्गमा रहनुहुने परमेश्वर पिता संवेदनशील हुनुहुन्छ। उहाँले हामीप्रति तुरन्तै चासो राख्नुहुन्न भन्ने छैन। ‘उहाँले टुक्रिएको हृदय भएकाहरूलाई निको पार्नुहुन्छ, र तिनीहरूका चोटहरूमा पट्टी बाँधिदिनुहुन्छ।’ भजनसंग्रह १४७:३। परमेश्वर र प्रत्येक मानिससँगको सम्बन्ध विशेष र पूर्ण छ, मानौं उहाँको हेरचाहमा अरू कुनै दोस्रो व्यक्ति छैन। उहाँको सम्बन्ध प्रत्येक मानव प्राणीप्रति यति गाढा हुन सक्छ कि उहाँले आफ्नो प्रिय पुत्र केवल उसको निम्ति मात्र सुम्पनुभएको आभास उसले पाउन सक्छ।” एलेन जी. ह्वाइट, *स्टेप्स टु क्राइस्ट*, पृ. १००।

## छलफलको लागि प्रश्नहरू:

१. यो अभिव्यक्तिमा ध्यान दिनुहोस्: "परमेश्वर र प्रत्येक मानिससँगको सम्बन्ध विशेष र पूर्ण छ मानौं उहाँको हेरचाहमा अरू कुनै दोस्रो व्यक्ति छैन। उहाँको सम्बन्ध प्रत्येक मानव प्राणीप्रति यति गाढा हुन सक्छ कि उहाँले आफ्नो प्रिय पुत्र केवल उसको निम्ति मात्र सुम्पनुभएको आभास उसले पाउन सक्छ।" परमेश्वर तपाईंको एकदम नजिक हुनुभएको र तपाईंप्रति उहाँको चासो कतिको छ भन्ने ज्ञानले तपाईंलाई कस्तो सान्त्वना दिन्छ र तपाईं कस्तो जीवन बिताउनुपर्छ भनेर तपाईंले महसुस गर्न सक्नुहुन्छ? यो अचम्मको प्रतिज्ञाको वास्तविकतालाई मध्यनजर राखेर तपाईं कसरी बाँच्ने भनेर सोच्न सक्नुहुन्छ? दिनदिनै यस तथ्यलाई हृदयमा राखेर चल्दा तपाईंको जीवन कस्तो हुने होला?

२. यस अध्यायमा अध्ययन गरेको आधारमा भजनसंग्रह १०३:१७, १८लाई तपाईंले कसरी बुझ्न सक्नुहुन्छ? परमेश्वरको प्रेम अनन्त छ भनेर ती पदहरूले कसरी प्रकट गर्छन्? फेरि त्यसै समयमा उहाँको प्रेमको फाइदा उठाउन उहाँसँगको हाम्रो सम्बन्धलाई स्वीकार्ने वा नस्वीकार्नेमा भर पर्छ भनेर कसरी महसुस गर्ने?

३. ती तथ्य थाहा पाउँदा परमेश्वरसँग तपाईंको सम्बन्धले फरक पार्छ भनेर कसरी थाहा पाउने? अरूहरूको दुःख, पीडा र सन्तापहरूप्रति संवेदनशील हुन त्यसले कसरी सहयोग गर्दछ?

# बाइबलको सिबु

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

मानिस धुलोले हो कि मकैले सृष्टि गरिएको भन्ने वृतान्तले मेलभिन अलमलमा परेको थियो। बाइबलमा लेखिएको छ, "परमेश्‍वरले मानिसलाई जमिनको धुलोबाट आकार बनाउनुभयो र उसको नाकमा उहाँले जीवनको सास फुकिदिनुभयो। अनि मानिस जीवित प्राणी भयो" *(उत्पत्ति २:७)*। तर कोस्टारिकामा रहेको १७,००० जनसङ्ख्या भएको क्याबिकार ठूलो जनजातिले उसलाई सिकायो सिबुले (स्थानीय भाषामा यसको अर्थ परमेश्‍वर हो) मानिसलाई मकैबाट सृष्टि गर्नुभएको थियो।

आफ्नो परम्पराको सिबु र बाइबलको सिबु वा परमेश्‍वर एउटै हो भनेर मेलभिनले सोचेको थियो। जब उसले सेभेन्थ-डे एड्भेन्टिस्टसँग बाइबल पढ्न थाल्यो तब उसको परम्पराको सिबु र बाइबलको परमेश्‍वर अत्यन्तै फरक भएको उसले महसुस गर्न थाल्यो। उसले बाइबलको सिबुलाई विश्‍वास गर्ने निर्णय गर्‍यो। आफ्ना बाबुआमा र दुई भाइहरूसँग उसले बप्तिस्मा लियो।

एक वर्षपछि मेलभिनकी आमालाई पक्षाघात भयो। उनी ४० वर्षकी थिइन्। अनि उनको देहान्त भयो।

२२ वर्षको मेलभिनले मृत्यु अचेत भएर सुतेको हुन्छ भनेर विश्‍वास गरेको थियो। क्याबिकारको परम्पराअनुसार उसकी आमा जीवितै छिन् र अन्धकारमा भौँतारिरहेएकी छिन् भनेर सिकाएको थियो। उनको परिवारले चार दिनको विभिन्न विधि पूरा गर्‍यो भने मात्र उनको आमालाई अर्को संसारमा पठाउन सकिन्छ भनेर विश्‍वास गरेको थियो। परम्पराअनुसार अन्त्येष्टिको विधिमा दुई सुङ्गुर र तीन कुखुराहरू मारेर मलामीलाई खुवाउनुपर्थ्यो। त्यो विधि पूरा नगर्ने मानिस स्वार्थी भएको ठानिन्थ्यो। स्वार्थी मानिस अपराधी र घृणास्पद भनेर क्याबिकारको परम्पराले सिकाएको थियो। हजुरबा र हजुरआमा र आफन्तरहरूको धेरै दबाब भए तापनि मेलभिनले बाइबलअनुसार चल्ने निर्णय गर्‍यो। एक जना एड्भेन्टिस्ट पास्टरले क्याबिकारको क्षेत्रबाट बाहिर आमालाई दफन गर्न सहयोग गरे।

त्यसै बेला मेलभिनले आफू पास्टर हुन निर्णय गरेको थियो। सुसमाचारको सेवाको निम्ति परमेश्वरले उसलाई बोलाहत भएको थियो भन्ने आभास उसले पाएको थियो। त्यो आभास बप्तिस्मा लिएको समयमा नै उसले पाएको थियो। तर त्यसलाई उसले बेवास्ता गरेको थियो। जब आमाको मृत्यु भयो तब उसले आफ्नो बाँकी जीवन बाइबलको सिबुलाई सुम्पिने निर्णय गऱ्यो। मकैबाट सिबुले मानिसलाई सृष्टि गरिएको हो भन्ने विश्वासबाट मानिसहरूलाई पर राख्न उसले चाहेको थियो। बाइबलको सिबुतर्फ मानिसहरूलाई अगुवाइ गर्न उसले इच्छा गऱ्यो, जसले मानिसलाई धुलोबाट सृष्टि गर्नुभयो। अब पशुबलिबाट अर्को जीवनमा अमर जीवन पाउन सक्दैन भन्ने ज्ञानमा आनन्द मनाउन उसका मानिसहरूलाई उसले सिकाउन चाहेको थियो। बाइबलको सिबुले सबैको निम्ति बलि हुन आफ्नै जीवन दिनुभएको थियो भनेर आफ्ना जातिलाई उसले सम्झाउन चाहेको थियो।

आज मेलभिन माड्रिज २४ वर्षको छ र कोस्टा रिकाको सेन्ट्रल अमेरिका एड्भेन्टिस्ट विश्वविद्यालयमा पास्टर हुन शिक्षा हासिल गरिरहेको छ। जब उसको अध्ययन सकिन्छ मेलभिन क्याबिकार जातिको पहिले एड्भेन्टिस्ट पास्टर हुनेछ। अहिले केवल ३० क्याबिकार मानिसहरू एड्भेन्टिस्ट छन्।

"म बाइबलको सिबुलाई विश्वास गर्छु तर परम्पराको सिबुमा होइन" मेलभिनले सुनायो।



*क्याबिकार र संसारका सम्पूर्ण जनजातिले बाइबलको परमेश्वरलाई विश्वास गरून् भनेर प्रार्थना गर्नुहोस्।*